आज मिति २०७७।०४।३१ गतेका दिन यस धवलागिरी गाउँपालिका अध्यक्ष श्री थमसरा पुन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताहरु माथि छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवलागिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री कमल प्रसाद ढकाल | नि.प्रमुख प्रशासकीय अधिकृत |

## प्रस्तावहरु

१. सडकहरुको तथ्यांक सडकहरुको तथ्यांक अध्यावधिक गर्ने सम्बन्धमा।
२. राहत संकलन सम्बन्धमा।
३. वास्तविक क्षति विवरण संकलन गर्ने कार्यदल गठन सम्बन्धमा।
४. सुकुम्बासीको नामावली संकलन सम्बन्धमा।
५. सोलार माग सम्बन्धमा।
६. चन्दादाता तथा सहयोगदाताहरुलाइ धन्यवाद ज्ञापन सम्बन्धमा।
७. कोरोना Covid 19 सम्बन्धमा।
८. वस्ती स्थानान्तरण गर्न भुगोल छनोट सम्बन्धमा।
९. विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधी २०७७ र खानेपानी तथा सरसफाइ व्यवस्थापन कार्यविधी २०७७ पारित सम्बन्धमा।
१०. विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा।
११. सहकारी अभिलेखिकरण सम्बन्धमा।
१२. मृतक परिवारलाइ आर्थिक सहयोग सम्बन्धमा।
१३. किसानी मा.वि. स्थानान्तरण सम्बन्धमा।
१४. अस्थाइ वडा कार्यालय स्थापना सम्बन्धमा।
१५. प्रदेश सरकार समपूरक बजेट कार्यान्वयन सम्बन्धमा।
१६. करार कर्मचारी नियुक्ति सम्बन्धमा।
१७. प्राविधिक सामाग्री खरिद सम्बन्धमा।
१८. गरिबी निवारणका लागि लघुउद्धम विकास कार्यक्रम संचालन कार्यविधि २०७७ सम्बन्धमा।
१९. दरखोला जलविद्युत परियोजना मर्मत सम्बन्धमा।
२०. उद्धारका लागि प्रयोग गरिएको हेलिकप्टर रकम भुक्तानी सम्बन्धमा।

## निर्णयहरु

निर्णय नं.१ प्रस्ताप नं.१ उपर ब्यापक छलफल गर्दा धवालगिरी गाउँपालिका अन्तर्गत यस गाउँपालिका भित्र भएका सम्पूर्ण सडकहरुको तथ्यांक संकलन गरी अध्यावधिक गराइ स्थानीय पूर्वाधार विभाग योजना तथा विकास सहायता समन्वय शाखामा पठाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २

प्रस्ताव नं. २ उपर व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा भएको प्राकृतिक विपद् बाट मानवीय तथा भौगोलिक क्षति भएको र उक्त क्षतिवाट प्रभावित समूदायलाई राहत तथा पुनःस्थापना गर्ने कार्य गर्ने र जम्मा भएको रकम गाउँपालिकाको विपद् व्यवस्थापन खातामा जम्मा गरी आवश्यकता अनुसार खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर व्यापक छलफल गर्दा प्राकृतिक विपद व्यवस्थापन गर्न यस गाउँपालिका अन्तर्गत विभिन्न स्थानहरुमा भएको वास्तविक क्षतिको विवरण संङ्कलन गर्न तपशिल बमोजिमको कार्यदल गठन गरी दुई हप्ता भित्रमा प्रतिवेदन पेस गर्ने निर्णय गरियो ।

**तपशिल**

| नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| देउप्रसाद छन्त्याल | संयोजक | ९८५७६२०४०५ | |
| सुवादेवी पुर्जा | सदस्य | ९८४६९४६०११ | |
| बालकुमारी सुनार | सदस्य | ९८६१०२०४३२ | |
| तिलकुमारी के.सी | सदस्य | ९८४६८४१७७३ | |
| प्राविधिक शाखाको कर्मचारी २ जना | सदस्य | | |
| सम्बन्धित वडाको वडा सचिव | सदस्य | | |

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर व्यापक छलफल गर्दा यस धवलागिरी गाउँपालिका भित्र रहेका वास्तविक सुकुम्वासीहरुको नामावली सङ्कलन कार्यमा जनप्रतिनीधी र वडा सचिवहरुबाट नामावली सङ्कलन गर्ने र अभिलेखीकरण गरी सम्बन्धीत कार्यालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउँपालिका भित्रका सामुदायिक विद्यालय,स्वास्थ्य चौकी र साम संघ संस्थाहरुलाई सोलार आवस्यक भएमा माग गरी वडा कार्यालयको सिफारिस साथ निवेदन पेश गर्न अनु गर्ने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकामा आइपरेको विपत्तिबाट भएको मानविय तथा भौतिक क्षतिबाट पिडितहरु प्रति समानुभुति प्रकट गर्ने सहयोगी बिभिन्न संघ,संस्था,समुह तथा व्यक्तिहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर व्यापक छलफल गर्दा हाल तिव्र गतिमा फैलिएको कोरोना भाइरस नियन्त्रण गर्न थप सतर्कता अपनाई आवतजावतमा कडाई गर्नुका साथै कोभिड १९ को औषधी उपचार सम्बन्धी अध्ययन अनुसन्धानमा लाग्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ उपर व्यापक छलफल गर्दा प्राकृतिक प्रकोपबाट यस गाउँपालिकाका विभिन्न स्थानहरुमा बाढी पहिरोका कारण वस्तिहरु विस्थापित भएको र उक्त बस्तिहरुलाई पुनर्स्थापना गर्न बस्ती स्थानान्तरण गर्नुपर्ने भएको हुँदा उपयोक्त भुगोल छनोट गर्न भुगर्भविद्को टोली खटाउन जिल्ला समन्वय समिति,प्रदेश सरकार र संघिय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर व्यापक छलफल गर्दा देहाय वमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

१. विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि २०७७।

२. खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यविधि २०७७।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १०

प्रस्ताव नं. १० उपर व्यापक छलफल गर्दा यस गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६ को परिच्छेद २ को दफा ३ अनुसार तपसिल बमोजिमको गाउँ विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| श्री थमसरा पुन | गाउँपालिका अध्यक्ष | संयोजक |
| श्री गोपाल शर्मा | प्र प्र अधिकृत | सदस्य |
| श्री रेशम छन्त्याल | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री राजाराम उपाध्याय | सा वि स संयोजक | सदस्य |
| श्री झक बहादुर छन्त्याल | विधायन समिति संयोजक | सदस्य |
| श्री देउ प्रसाद छन्त्याल | आ वि स संयोजक | सदस्य |
| श्री पूर्म पुन | लेखा विकास समित संयोजक | सदस्य |
| श्री महेश सुबेदी | सहायक प्र जि अ | सदस्य |
| श्री डिल बहादुर गौचन | गाउँ प्रहरी प्रमुख | सदस्य |
| श्री खुमनाथ सुबेदी | नेकपा प्रतिनीधी | सदस्य |
| श्री प्रेम पुन | नेका प्रतिनीधी | सदस्य |
| श्री किरण थापा | उ वा म अध्यक्ष | सदस्य |
| श्री रमेश पौडेल | कर्मचारी | सदस्य सचिव |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ११

प्रस्ताव नं. ११ धवलागिरी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सहकारीहरुलाई अभिलेखका लागि यथासिघ्र लेखा परिक्षण गरी आवश्य कागजात सहित धवलागिरी गाउँपालिकामा ल्याइपुराउनुहुन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ उपर छलफल गर्दा यस गाउँपालिका भित्र प्राकृतिक प्रकोपका कारण ज्यान गुमाउने मृतकका परिवार लाई काजक्रिया खर्च र आधारभूत आवश्यकता पूर्तिका लागि प्रति परिवार रु २०००० अक्षरुपी बीस हजारका दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ उपर छलफल गर्दा यस धवलागिरी गाउँपालिकामा भएको विपत्तिबाट पूर्ण क्षति भएको श्री किसानी मा वि ध गा पा ७ धारापानीलाई सो ठाउँबाट अन्यत्र स्थानान्तरण गरी आठ कोठा अस्थाई टहरा निर्माण गरी पठन पाठन सुचारु गर्न सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ उपर छलफल गर्दा यस गाउँपालिका वडा नं. ६ मराङमा गएको पहिरोका कारण पूर्ण क्षति भएको वडा कार्यलाई अस्थायी वडा कार्यालय निर्माण गर्न प्राविधीक स्टीमेट अनुसार कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ उपर व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गत मुना, मुदी, खिवाङ मोटरबाटो र खारा, खाम्ला, खिवाङ मोटरबाटो निर्माणका लागि प्रदेश सरकारको समपुरक कोषबाट १०००००००/- अक्षरुपी एक करोड मात्र विनीयोजन भएको र सो रकमको चालीस रकमको चालीस प्रतिशत बराबरको रकम स्थानीय तहबाट व्योहोरी सडक निर्माणका लागि टेण्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १६

प्रस्ताव नं. १६ उपर व्यापक छलफल गर्दा यस गाउँपालिका रिक्त रहेको प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका लागि पाँचौ तहमा सब इन्जिनीयर र अध्यक्षको सचिवालयको लागि पाँचौ स्तरको कर्मचारी विज्ञापन गरी करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ उपर व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गत प्राविधीक शाखामा मेशीनरी औजारको लागि बजेट व्यवस्थापन गरी खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ उपर व्यापक छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को मातहतमा रही यस गाउँपालिकाले निर्माण गरेको गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन कार्यविधी २०७७ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ उपर व्यापक छलफल गर्दा यस गाउँपालिका वडा नं मा अवस्थित प्रथम दरखोला जलविद्युत परियोजना बर्षातका कारण आएको बाढी र पहिरोबाट क्षति भई बिद्युत अबरुद्ध भएको हँदा प्राविधीक स्टीमेट गरी उक्त जलविद्युत परियोजना मर्मत गर्न आवश्यक बजेट विनीयोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २१ उपर छलफल गर्दा बाढी पहिरोका कारण प्रभावित धवलागिरी गाउँपालिका वडा नं. ५ र ७ का वासिन्दाको उद्धारका लागि प्रयोग गरिएको ५ फ्लाईट हेलिकप्टरको रकम रु ५,२०,०००।– (अक्षरुपी रु पाँच लाख विस हजार मात्र) र रु ४,००,०००।– (चाल लाखा मात्र) गत आ.व मा भुक्तानी भईसकेको र श्रावण १ पछि प्रयोग गरिएको १ फ्लाईटको रकम रु १२०,०००।– (अक्षरुपी एक लाख विस हजार मात्र) विपद व्यवस्थापन कोषवाट भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।